फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७५/०७६
च.नं. :- १०८६

श्री सामुदायिक विद्यालयहरु (सबै)
फलेवास नगरपालिका, पर्वत

मिति : २०७६।१।२२

**विषय : पुन निर्माण गर्नुपर्ने सामुदायिक विद्यालयको सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, राष्ट्रिय पुननिर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा), पर्वत कुश्माको प.सं. २०७५/०७६ च.नं. २०२, मिति २०७६/०१/१७ को प्राप्त पत्रानुसार २०७२ वैशाख १२ गतेको विनासकारी भुकम्प र त्यस पछिका पराकम्पनवाट यस नगरपालिका अन्तर्गत क्षतिग्रस्त भएका, भुकम्पको असरवाट कक्षाकोठा प्रयोग गर्न नहुने अवस्थामा भएका तथा भुकम्पको कारण जोखिममा परेका सामुदायिक विद्यालयहरु मध्ये पुननिर्माण गर्नुपर्ने विद्यालयहरुको विवरण उपलब्ध गराइदिने भन्ने पत्रानुसार सो विद्यालयको अवस्था अनुसार यसैसाथ संलग्न अनुसूची अनुसार प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । नेपाल सरकार, राष्ट्रिय पुननिर्माण प्राधिकरण, केन्द्रीय आयेजना कार्यान्वयन इकाई (शिक्षा) जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा), पर्वत कुश्माको प्राप्त पत्रको छायाँकपी र अनुसूचीहरु यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

..........................
मोतिराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मोतिराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

९५
२०७६/०१/२०

फोन नं. ०६७-४२०९३८

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)

# जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा)

पर्वत, कुश्मा

प.सं.:-२०७५।०७६
चलानी नं. :- २०२

गण्डकी प्रदेश

मितिः- २०७६/०१/१७

विषयः- पुनर्निर्माण गर्नुपर्ने सामुदायिक विद्यालयको सम्बन्धमा ।

श्री फलेवास ........ नगरपालिका/ ~~गाउँपालिका~~
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ ..........,पर्वत ।

सम्वत् २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्प र त्यस पछिका पराकम्पनबाट पर्वत जिल्लामा क्षतिग्रस्त भएका, भूकम्पको असरबाट कक्षाकोठा प्रयोग गर्न नहुने अवस्थामा भएका तथा भूकम्पको कारण जोखिममा परेका सामुदायिक विद्यालयहरुमध्ये पुनर्निर्माण गर्नुपर्ने विद्यालयहरुको सम्वन्धमा विवरण उपलब्ध गराइ सहयोग गरी दिनुहुन अनुरोध छ। साथै यस इकाइबाट २०७५/०७६ को थप कार्यक्रम प्राप्त भएकोले सो को लागि पर्वत जिल्लामा भूकम्पबाट प्रभावित सामुदायिक विद्यालयको पुनर्निर्माण प्रस्ताव पेश गर्ने सम्वन्धी मिति २०७६ वैशाख १६ मा प्रकाशित सूचना (अनुसुचि-१ समेत) यसै साथ संलग्न राखी पठाइएको छ । त्यस स्थानीय तह अन्तर्गतका भूकम्पबाट क्षति पुगेका सामुदायिक विद्यालयहरुलाइ सूचित गरी पुनर्निर्माण गर्नुपर्ने विद्यालयलाई सिफारिशका साथ प्रस्ताव पेश गर्न आवश्यक सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

२०७६/०१/१६

खिमबहादुर भुजेल
**इकाइ प्रमुख**
**उप-सचिव**

**बोधार्थ**

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा), ज्ञानेश्वर काठमाण्डौं ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, पर्वत ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)

# जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा)

पर्वत, कुश्मा

फोन नं. ०६७-४२०९३८

प.सं.:-०७५।७६
चलानी नं. :- १९९

गण्डकी प्रदेश
मिति: २०७६/०१/१६

विषय: विद्यालय भवन तथा शौचालय पुनर्निर्माणको लागि प्रस्ताव पेश गर्ने बारेको सूचना।

श्री पर्वत जिल्लाका सम्बन्धित सामुदायिक विद्यालयहरु।

सम्वत् २०७२ साल वैशाख १२ गते गएको भूकम्प र त्यसपछिका पराकम्पनबाट पर्वत जिल्लामा क्षतिग्रस्त भएका, भुकम्पको असरबाट कक्षाकोठा प्रयोग गर्न नहुने अवस्थामा भएका तथा भुकम्पको कारण जोखिममा परेका सामुदायिक विद्यालयहरुका भवन र शौचालय लगायतको पुनर्निर्माण गर्न यस इकाइ स्थापना भएको व्यहोरा अवगत नै होला। हालसम्म पुन: निर्माणका लागि SSDP (विद्यालय क्षेत्र विकास कार्यक्रम) र पुनर्निर्माण प्राधिकरण कोष (केन्द्रीय आयोजना कार्यान्वयन इकाइ-CLPIU) बाट प्राप्त भएको विवरणहरु भए सो समेत उल्लेख गरी आ.व. २०७५/०७६ को थप कार्यक्रमका लागि "विद्यालय पुनर्निर्माण कार्यविधि, २०७३"(पहिलो संशोधन, २०७५ सहित) को अनुसुचि - १ भरी विद्यालयलाई आवश्यक पुनर्निर्माण गर्नुपर्ने भवन र शौचालय सम्वन्धी विवरण सहित तपशिलको कागजातका साथ यहि मिति २०७६ वैशाख १७ गते देखि २०७६ वैशाख ३१ गते मंगलबार साझ ५ बजेसम्म यस इकाइमा पुनर्निर्माण प्रस्ताव पेश गर्न सम्बन्धित सामुदायिक विद्यालयका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

१. विव्यसको भवन/शौचालय पुनर्निर्माण गर्ने निर्णयको प्रतिलिपि
२. विद्यालय रहेको वडा र गाउँपालिका/ नगरपालिकाको सिफारिश
३. विद्यालयको नाउँमा रहेको जग्गाधनी प्रमाण पुर्जा वा भोगाधिकार प्राप्त कागजातको प्रतिलिपि
४. जग्गाको कित्ता नं. स्पष्ट देखिने ब्लु-प्रिन्ट/ डिजिटल नक्सा
५. भूकम्पले क्षति पुगेको भवन/ शौचालयको फोटो।

२०७६/०१/१६
.....................
खिमबहादुर भुजेल
इकाइ प्रमुख
उप-सचिव

**पुनश्च :**

१. आ.व. २०७४/०७५ सम्म जिशिका/ शिविसई र आ.व. २०७५/०७६ मा SSDP तर्फ गा.पा./न.पा. बाट भवन र शौचालय परी निर्माण सम्पन्न नभएका विद्यालयहरुले पुनर्निर्माण प्रस्ताव पेश गर्नुपर्ने छैन।

२. आ.व. २०७४/७५ र आ.व. ०७५/७६ मा पुनर्निर्माण प्राधिकरण कोष मार्फत -CLPIU बाट पुनर्निर्माण भवन परेका एवं २०७५ चैत्र मसान्तसम्म सम्पन्न नगरेका विद्यालयले पुनर्निर्माण प्रस्ताव पेश गर्नुपर्ने छैन।

३. आ.व. २०७२/०७३ देखि हालसम्म विद्यालय पुनर्निर्माणका लागि गा.पा./न.पा. र NGO/INGO बाट निर्माण भएका भवन र शौचालय भए सो समेत उल्लेख गर्नुपर्ने छ। यदि त्यस्ता संस्थासंग सम्झौता भई निर्माणका क्रममा रहेका भए सो को विवरण समेत उल्लेख गर्नु पर्नेछ।

## विद्यालय पुनर्निर्माण कार्यविधि, २०७३ (पहिलो संशोधन, २०७५)

## परिच्छेद २

## पुनर्निर्माणको प्रस्ताव तयारी

**प्रस्ताव तयारी**

१. पुनर्निर्माण गर्नुपर्ने विद्यालयको अनुसुचि - १ बमोजिमको ढाँचामा विद्यालय पुनर्निर्माणको प्रस्ताव तयार गरी कार्यान्वयन इकाइ पेश गर्नुपर्ने छ ।

२. जिल्ला आयोजना कार्यान्वयन इकाइले विद्यालयहरुबाट सङ्कलित प्रस्तावहरुमध्ये छनोटका लागि अनिवार्य शर्तहरु सबै पुरा भएका विद्यालयहरुमा प्राविधिक कर्मचारीहरु परिचालन गरी प्रमाणीकरण गराउनु पर्नेछ ।

३.जिल्ला आयोजना कार्यान्वयन इकाइले प्रमाणीकरण भएका विद्यालयहरुको अनुसुचि - २ मा भएका विद्यालय छनोटका आधारहरु अनुसार मुल्याङ्कन गरी प्राथमिकता क्रम निर्धारण गर्ने र अनुसुचि -३ को ढाँचामा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) मा पठाउनु पर्नेछ ।

४. विद्यालय पुनर्निर्माण प्रस्तावसाथ देहायबमोजिमका कागजातहरु संलग्न गरी जिल्ला आयोजना कार्यान्वयन इकाइमा पेश गर्नु पर्नेछः

क) विद्यालय व्यवस्थापन समितिको विद्यालय पुनर्निर्माण प्रस्ताव पेश गर्ने निर्णयको प्रतिलिपि,

ख) प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको हस्ताक्षर भएको विद्यालय पुनर्निर्माण प्रस्ताव,

ग) सम्बन्धित वडा र गाँउ/नगरपालिकाको सिफारिश,

घ) प्रस्तावको फिल्ड भेरिफिकेशन गर्ने सम्बन्धित प्राविधिक कर्मचारी समेत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको सामुदायिक डिजिटल फोटो,

ङ) ड्इङ डिजाइनका आधारमा स्वीकृत लागत अनुमान ।

५. विद्यालय पुनर्निर्माण कार्यमा स्थानीय समुदायको लागत साझेदारी हुने विद्यालयहरुलाई प्रोत्साहन गरिने छ । तर विद्यालय निर्माण/ छनोट प्रक्रियाको लागि लागत साझेदारीलाई वाध्यकारी गरिने छैन ।

६. विद्यालय पुनर्निर्माणको प्रस्ताव तयारी गर्दा विद्यालयलाई अमवश्यक परेको प्राविधिक सहयोग गर्नु जिल्ला आयोजना कार्यान्वयन इकाईको कर्तव्य हुनेछ ।

७. केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) अन्तर्गत जिल्ला आयोजना कार्यान्वयन इकाइ ( शिक्षा) गठन नभएका हकमा विद्यालय पुनर्निर्माण कार्य यसै कार्य विधिबमोजिम जिल्ला आयोजना कार्यान्वयन इकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) ले गर्नेछ ।

केन्द्रीय आयोजना ... जिल्ला आयोजना ...

## अनुसुचि १

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### विद्यालय पुनर्निर्माण प्रस्ताव

१. विद्यालयको नाम:                    २. विद्यालयको कोड नं............................

३. विद्यालयको ठेगाना: पर्वत जिल्ला.............................................. न.पा./गा.पा...वडा नं.....टोल:

४. विद्यार्थी सङ्ख्या (चालु शैक्षिक सत्रको)

| कक्षा | प्रा.वा.शि | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा | विद्यार्थी कक्षा अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | | | | | | | | | | | | | | | |

५. विगत तीन वर्ष देखिको विद्यार्थी सङ्ख्याको अवस्था

| चालु शैक्षिक सत्रको विद्यार्थी सङ्ख्या | चालु शैक्षिक सत्र भन्दा एकवर्ष अघिको विद्यार्थी सङ्ख्या | चालु शैक्षिक सत्र भन्दा दुईवर्ष अघिको विद्यार्थी सङ्ख्या |
|---|---|---|
| | | |

६. कक्षाकोठा विवरण

| | |
|---|---|
| भुकम्प अघि प्रयोगमा रहेका जम्मा कक्षाकोठा सङ्ख्या | |
| सो मध्ये भुकम्पबाट पुर्ण क्षति भएका र भत्काउनु पर्ने कक्षाकोठा सङ्ख्या | |
| भुकम्पबाट भएको क्षति प्रतिशत | |
| गै.स.स वा अन्य निकाय वा व्यक्तिबाट भुकम्पवाट निर्मित कक्षाकोठा सङ्ख्या | |
| भुकम्प पश्चात जिल्ला शिक्षा कार्यालयबाट निर्माण र मर्मतका लागि उपलब्ध कुल अनुदान रकम | |
| मर्मत पछि उपयोगमा आउन सक्ने कक्षा कोठा सङ्ख्या | |
| निर्माण गर्न आवश्यक कक्षा कोठा | |

$$\text{भुकम्पबाट भएको क्षति प्रतिशत} = \frac{\text{भुकम्पबाट पुर्ण क्षति भएका कक्षाकोठा सङ्ख्या}}{\text{भुकम्प अघि प्रयोगमा रहेका जम्मा कक्षाकोठा सङ्ख्या}} \times १००$$

*नोट: भुकम्पबाट भएको विद्यालयको क्षतिको विवरणका लागि (Structural integrated Damage Assessment) (SIDA) प्रतिवेदन लिन सकिने ।*

७. विद्यालय निर्माण गर्ने स्थल:

क. जग्गाको क्षेत्रफल: ...........रोपनी

ख. विद्यालय निर्माणका लागि पर्याप्त    ☐ छ    ☐ छैन

८. प्रस्तावित टाइप डिजाइन

(फिल्ड भेरिफिकेशनको समयमा प्राविधिक कर्मचारीको उपस्थितिमा एकीन गर्ने)

९. शौचालय

क. भुकम्पवाट क्षति भएको शौचालय सङ्ख्या:

ख. भुकम्पवाट क्षति नभै हाल उपयोगमा रहेको शौचालय सङ्ख्या:

क. केन्द्रीय आयोजना कार्यान्वयन इकाइ मार्फत निर्माण गर्न छनोट र सिफारिसमा परेको ☐ छ ☐ छैन

ख. गैरसरकारी सङ्घ संस्था वा व्यक्तित्वद्धारा निर्माण गर्ने द्वपक्षीय वा त्रिपक्षीय सम्झौता भएको ☐ छ ☐ छैन

ग. विद्यालय निर्माण गरिने जग्गाको स्वामित्व/भोगचलनको सिफारिस प्राप्त ☐ छ ☐ छैन

घ. विभिन्न कारणले स्थानान्तरण गर्नुपर्ने वा एकीकरण (Merging) को सम्भावना ☐ छ ☐ छैन

ङ. जिल्ला शिक्षा कार्यालय र शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्रदान गरिएको भौतिक निर्माणको अनुदान कार्य सम्पादन गर्न र बेरुजु फस्यौट गर्न बाँकी ☐ छ ☐ छैन

च. विद्यालय निर्माण स्थलमा बाढी पहिरो नदी कटान आदि जोखिम ☐ छ ☐ छैन

छ. शिक्षा ऐन २०२८ (आठौं संशोधन) को दफा १२ अननुसार विद्यालय व्यवस्थापन समिति गठन भएको ☐ छ ☐ छैन

छ भने गठन भएको मिति................................

११. अन्यविवरण

क. प्रारम्भिक बाल शिक्षा कक्षाको कोठा ☐ छ ☐ छैन

ख. पुस्तकालयको लागि कोठा ☐ छ ☐ छैन

ग. कम्प्युटर ल्यावको लागि कोठा ☐ छ ☐ छैन

घ. बहुउदेश्यीय हल ☐ छ ☐ छैन

प्रस्ताव पेश गर्ने विद्यालयको
प्रधानाध्यापक
नामः
दस्तखतः
मितिः

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष
नामः
दस्तखतः
मितिः

विद्यालयको छाप

फिल्ड भेरिफिकेसन गर्ने प्राविधिक कर्मचारीको
नामः
पदः
दस्तखतः
मितिः